हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ११८ पृष्ठ : ४ २०७७ मंसिर १३ गते शनिबार (Saturday 28 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## 'घरभित्रै गुम्सिएको समानता'

■ आकांक्षा झा

के तपाईहरूले घरभित्रको असमानतालाई देख्नु भएको छ ? पक्कै पनि देखेर पनि नदेखे झै गर्नुभएको छ होला । हो म त्यही असमानताको कुरा गर्दै छु जुन छोरा र छोरीबीच अझ सम्म पनि कायमै छ । जसलाई हाम्रो घर, परिवार र समुदायले अझसम्म पनि निरन्तरता दिईनै राखेको छ ।

हो म यही घर, परिवार र समाजको कुरा गर्दैछु जसले दाबी गर्ने गर्छ की हामी असमानताका विरोधी हौं, जसले ठूला–ठूला भाषण छाट्दै हिडछ र भन्छ छोरा–छोरी दुईटै एक समान हुन् भनेर, तर फेरि, किन त्यही घरमा छोरीले मात्र अथवा भनौ महिलाहरूले मात्र घरको सम्पूर्ण काम गर्नुपर्ने हुन्छ, जबकी छोरा भनाउँदा पुरूष पात्रहरू खाएर, गेम खेलेर, मोबाइल चलाएर, टिभी हेरेर, रमाइलो गरेर मात्र दिन व्यतित गरिरहेका हुन्छन् वा भनौ बाहिरको काममा मात्र सिमित हुन्छन । छोरीलाई मात्र चिया बना, खाना बना, कोठा मिला जस्ता विभिन्न कार्य गर्न किन भनी राखिन्छ वा यी सम्पूर्ण कामहरू महिलाहरूले मात्र गर्नुपर्छ भन्ने किसिमको मानसिकताको विकास किन गराइन्छ बाल्यकालदेखि नै ? तर छोराहरु लाई भने चिया खाएको एउटा जुठो कप समेत जुठेल सम्म लगेर राख्न सिकाइन्दैन । तर छोरीहरूलाई भने भए भरको काम एक्लै गर्न सिकाइन्छ चाहे त्यो घरको काम होस या त अफिस वा कुनै व्यवसायको ।

के यो गुम्सिएको असमानता हैन र ? यो घरभित्रै हुर्कदै गरेको असमानता, विभेद रूढिवादी परम्परा र कुविचार हैन र ? पक्कै पनि हो, यी सबै हाम्रो घरभित्रै रोपिएको बीउँको उपजहरू हुन् । सानो उमेरदेखि नै छोरा मान्छेहरूलाई गल्ती गर्दा गल्तीको अनुभुति सम्म पनि गराईदैन् तर त्यही छोरीहरूलाई भने छोरी भएकै कारण विना गल्ती पनि शिर निहुरयाएर राख भनी सिकाइने गरिन्छ । एक किसिमले भन्ने हो भने मानसिक रूपले नै तालिम दिई तयार पार्ने गरिन्छ की छोरीहरूले बढी बोल्नुहुन्न बाहिर बढी हिड्नुहुन्न्, ठूलाबडा भनाउँदा केटा मान्छेहरूलाई जवाफ फर्काउनुहुन्न्, मुखमुखै लाग्नुहुन्न्, कुनै पनि कुराको प्रतिकार गर्नुहुन्न । यस्ता कुराहरु जबरजस्ती छोरी मान्छेहरूको मन मस्तिष्कमा 'कोच्ने' गरिन्छन् ।

**भ्रूण अवस्थादेखि मृत्युसम्म पनि पाइला पाइलामा विभिन्न अपमान, लाल्छना, हिंसाको सिकार बन्दै जीवन विताउन बाध्य पारिने एउटी छोरी मान्छेको जीवनलाई पनि सार्थक र अर्थपूर्ण बनाउनका लागि घरभित्रै रहेको अनसिन वा भनौ लुप्त असमानतालाई तिलाञ्जली दिंदै अगाडी बढ्न सक्यो भने घर, परिवार र समुदायभित्र हुर्किर्दै गएको असमानता पनि विलिन हुने थियो होला**



फलस्वरूप अहिलेको २१ औं शताब्दीको विकसित युगमा आईसक्दा पनि प्रतिकार गर्नुको सट्टा घरभित्रै विभिन्न किसिमका घरेलुहिसा मानसिक, शारीरिक यातना, विभेद, दुर्व्यव्यवहारको सिकार हुनु परिरहेको छ, छोरीहरूले र यो सबै समानताको नाममा घरभित्रै गरिने ब्याकमेल होइन र ? संस्कारको नाममा गरिने ब्याकमेल इज्जतको नाममा गरिने ब्याकमेल, नाम प्रतिष्ठा र सम्मानको नाममा गरिने ब्याकमेल, के यो सबै छोरी मान्छेहरूलाई परिधिभित्रै राख्नकै लागि सिर्जित गरिएको 'ब्याकमेल'का विभिन्न नमुनाहरू होइन र ? छोराहरूलाई जहिले पनि हरेक कुराको सामना गर्न र निडर भई लडन सिकाइन्छ तर त्यसको ठिक विपरीत छोरीहरूलाई भने जहिले पनि सहन, सम्झौता गर्न, चुप लागेर सुन्न सिकाइन्छ तर बोल्न सिकाइन्दैन, असमानता र विभेदको प्रतिकार गर्न सिकाइन्दैन र यो सबै हाम्रो आफ्नै घरभित्र हुर्किएको असमानता हो, जसलाई सामान्य आँखाले हेर्ने प्रवृत्तिको विकास भने अझै सम्म पनि भइसकेको छैन् ।

भ्रुण अवस्थादेखि मृत्युसम्म पनि पाइला पाइलामा विभिन्न अपमान, लान्छना, हिसाको सिकार बन्दै जीवन बिताउन बाध्य पारिने एउटी छोरी मान्छेको जीवनलाई पनि सार्थक र अर्थपूर्ण बनाउनका लागि घरभित्रै रहेको अनसिन वा भनौ लुप्त असमानतालाई तिलाञ्जली दिदै अगाडी बढ्न सक्यो भने घर, परिवार र समुदायभित्र हुर्किर्दै गएको असमानता पनि विलिन हुने थियो होला तर परिवर्तनको संवाहक बन्ने साहस भने अझै सम्म पनि डगमगाइ नै रहेको छ यदाकदा हाम्रो समाजमा ।

तथापि यस्ता मानसिकताको अन्त्येष्टि गर्न घर परिवारले संस्कार, सम्मान र मानयताको नाममा घरका छोरीहरूलाई गर्ने 'हिडन' ब्याकमेलको 'द इन्ड' भने गर्नै पर्छ ।

## कोरानाबाट प्रदेश २ मा युवा उमेरका संक्रमित धेरै

सिरहा । प्रदेश २ मा कोरोना भाइरसबाट संक्रमित हुनेमा युवा उमेरका बढी देखिएका छन् । कोरोनाले सामान्यतः बालबालिका तथा ज्येष्ठ नागरिकलाई सहजै संक्रमण हुने गर्छ । प्रदेश २ का विभिन्न जिल्लामा संक्रमित भएकाहरूको उमेर समूह हेर्दा युवा व्यक्तिहरू बढी देखिएका हुन् ।

प्रदेशस्थित स्वास्थ्य निर्देशनालयको तथ्यांकअनुसार शुक्रबारसम्म यस प्रदेशमा १६ हजार ५८४ जना संक्रमित भएका छन् । तीमध्ये १० वर्षमुनिका जम्मा २ प्रतिशत बालबालिकाहरुमा संक्रमण देखिएको छ । १० वर्षमुनिका ३८६ जना बालबालिका संक्रमित छन् ।

११ वर्षदेखि १९ वर्ष उमेर समूहका १ हजार ७९५ जना अर्थात् ११ प्रतिशत संक्रमित भएका छन् भने २० वर्षदेखि ५९ वर्ष उमेर समूहका १३ हजार १६०

बाँकी ३ पेजमा




## बालिका बलात्कारपछि हत्या विरुद्ध सिरहामा प्रदर्शन






सिरहा । महोत्तरीको बर्दिवासकी छ बर्षिया गुलाब शाह खातुनलाई बलात्कार पछि हत्या गरेका दोषीमाथि कडा कारवाहीको माग गर्दै सिरहाका युवाहरूले प्रदर्शन गरेका छन् ।

सिरहाको विभिन्न ठाउँबाट आएका युवाहरूले विरोध गर्दै सदरमुकाम सिरहाको थाना चौकस्थित सहिद राजेश ठाकुर पार्क अगाडि मैनवति बालेर श्रद्धान्जलि व्यक्त गरे । उनीहरूले बालिकालाई बलात्कार पछि हत्या गरेको दोषीलाई कडा भन्दा कडा कारवाहीको माग गरेका छन् । 'अबोध बालिकाले कस्को के बिगारेको थियो ?,'प्रश्न गर्दै युवा अभियानकर्मी मनिष कुमार यादवले भने,'अबोध बालिकाको हत्या प्रकरणलाई समान्य रूपमा नलिई यसलाई गम्भीर रूपले हेरेर दोषी ठहरिएकामाथि कडा कारवाही हुनुपर्छ ।'

उनका अनुसार सम्बन्धित निकायलाई सशक्त रूपमा प्रस्तुत हुनका लागी सांकेतिक दबाव दिदै न्याय नपाएसम्म हामी युवाहरूले दबावका कार्यक्रम जारी राखिने छन् ।

स्थानीय प्रशासन र सरकारलाई बालिका बलात्कार र हत्या प्रकरणका दोषीमाथि कारवाहीको माग अघि सार्दै हिंसा तथा समग्र मानव अधिकारको सवललाई उठान गर्दै हामी युवाहरूले चरणबद्ध रूपमा दबावको कार्यक्रम गर्दै अघि बढ्ने मातृभुमि जनसेवा समाज सिरहाका संयोजक अविनास पूर्वेले बताए ।




**फ्रेन्डस मोडेल हसिपटल, लहान-8**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# चौबटिया

## कविता

■ 'विनीत ठाकुर

ऐना कँ की मोल आन्हरकँ शहरमे ।
भेल उन्टा मुँह सुन्टा अपने नजैरमे ॥
ज्ञानक सूरमा लगाकऽ जे बजबैए गाल ।
व्यवहारमे देखल ओकरो उहे ताल ॥

मोन भितरकँ दर्पण सेहो चूर-चूर ।
एतऽ सँ मानवता भागल अछि कोशो दूर ॥
घुमे दिनमे लुटेरा ओढि सज्जनकँ खोल ॥
कतहुँ देखल मृत्यु कतहुँ बाजे ढोल

जे समाज सुधारक ओ करैए किशुनकेर ।
ओकरे पाछु मुसना कहवैए सवाशेर ॥
जाधरि नहि हाएत मोनसँ मद्यपानक नाश ।
करत लोक कोनाकऽ विनीत भावक
आश ॥

..................

## गजल

■ कुमार अभिनन्दन

साथी कठिन अछि निरबाहब ई जिनगी
जेना तेना जोडि तोडि उगाहब ई जिनगी
विशवासे जं टुटि गेल त आहत करेज ल
कत्त कत्त रने बने अबगाहब ई जिनगी ।

हाथक रेखा पर ने करी हम विसवास कहियो
कर्मक विसातपर अजमायब ई जिनगी
कठिन क्षणक यात्राक सहयात्री छलहुँ प्रिय
सोचि सोचि सएह भरमाएब ई जिनगी ।
मनि लेब नहि छी प्रेमक हकदार भ्रमर
मरि लेब मोन कतेक बौआएब ई जिनगी ॥

..................

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक लहानपोस्ट LAHANPOST DAILY

# भैया अएलै अपन सोराज : विहगंम दृष्टि

डा. योगानन्द झा

आधुनिक साहित्य व्यक्तिगत ओ सामूहिक जीवनक चुनौतीसबहक प्रत्युत्तरक रूपमे सुस्थापित भेल अछि आ साहित्यिक परिकल्पना स्वपनलोकसँ क्रमशः दूर भेल जा रहल अछि । आजुक साहित्य शैली विशेषमे मानव जीवनक व्याख्या किंवा लोकरञ्जनक साधनाटाक रूपमे सीमित नहि अछि । अपितु ई निरनतर लोकजीवनक हितक हेतु नव नव विकल्प ओ दिशानिर्देशक प्रति प्रतिबद्ध अछि । तएँ आजुक साहित्यकार लोकजीवनक भविष्यक हेतु चिन्तनशील देखि पडैत छथि आ लोकजीवनमे प्याप्त मलिनता, असमानता, निष्ठूरता ओ अहङ्गारक उन्मुलनकँ अपन हथियारक रूपमे प्रयोग करैत देखि पडैत छथि ।

आधुनिक साहित्यक गतिविधिक ई चेतना अपन बहुआयामी स्वरूपमे श्री रामभरोस कापडि भ्रमर जीक सद्यः प्रकाशित "भैया अएलै अपन सोराज" पोथीमे संकलित दसो एकाङ्गी नाटकमे अत्यन्त प्रस्फूटित भेल अछि । एहिसबमे एकांकी नाटकक सास्त मर्यादाक पालना करैत लोकमङ्गलक जे चित्र रूपायित भेल अछि ताहिसँ ई स्पष्ट अछि जे नाटककार समाज, राष्ट्र ओ विश्वमानवक उन्नयनक हेतु प्रतिबद्ध लेखनसँ संपृक्त छथि तथा विभिन्न अमङ्गलकारी तत्वकँ ताहि रूपमे परिस्थिति करवामे सक्षम छथि जाहिसँ दर्शक स्वयं ओकर निदानक मार्ग हेरि सकथि ।

एहि संग्रहक दू टा नाटक लोकगाथापर आधारित अछि क्रमश : "भैया, अएलै अपन सोराज" आ लोक-नाट्य जट-जटिन । "भैया, अएलै अपन सोराज" मे दीना-भद्रीक गाथाकँ आधार रूपमे ग्रहण कएल गेल अछि । गाथाक अनुसार दीना-भद्री नामक दुई गोटा मुसहर भाई छलाह जे कनक धामि नामक सामन्तक एहि हेतुएँ विरोध कएने छलाह जे ओ लोकसभसँ बेगारी खटबैत छल । दीना-भद्री कनक धामिकँ मारि कऽ बेगारी प्रथासँ लोककँ उबारने छलाह आ जन-जनमे पुजित भेल छलाह । आइयो ओ मुसहर जातिक लोकदेवताक रूपमे पुजल जाइत छथि । कनकधामी तँ मारल गेल मुदा सामन्ती व्यवस्था एखनो कोनो रूपमे जीवन्त अछिए । सामन्तलोकनि नहि केवल दलित वर्गक श्रमक शोषण करैत रहलाह अछि अपितु एहि वर्गक नारीलोकनि यौनशोषणक हेतु सेहो बदनाम रहलाह अछि । क्रमशः युगचेतना बदललैक अछि आ शोषित वर्ग एहि अनीतिपूर्ण व्यवस्थाक प्रति असन्तोष, विरोध ओ विद्रोहक भावनासँ संवलित होईत गेलाह अछि । एकरे परिणाम थिक जे आब वेगारी प्रथा इतिहासक वस्तु भऽ गेल अछि । तथापि नाटककार एहि प्रसङगक पुनरावृतिक कऽ वस्तुत : शोषक ओ शोषित वर्गक ऐतिहासिक सघर्षक गाथाकँ संरक्षित करैत समसामयिक जीवनमे पर्याप्त शोषण चक्रक अभिव्यजना ओ तकर निदानक मार्ग संकेत कऽ देलनि अछि ।

एहि एकाङ्कीमे पुरूष १ आ पुरूष २ कृष मजदुर अछि जे जोरावर सिंह सामन्तक जमीन्दारीमे रहैत अछि । ई सभ बेगार सँ तँ अकछल अछिए, अपन बहु - बेटीक इज्जतक रक्षाक हेतु कोनो त्राताक बाट तकिरहल अछि । जखन एकरा दुनूकँ विदीत होईत छैक जे दिना आ भद्री नामक दूटा पहलमान एकरे जातिक छैक आ ओ दुनू जोरावरक अत्याचारसँ लोककँ त्राण दिएयवाक हेतु तत्पर भेलैक अछि तँ दूनु बेस प्रसन्न होईत अछि । जोरावरक लठैतसभ गाम गमतिमे अत्याचार करैत छैक । तत : पर दीना भद्रीक सँग जारावरक मल्लयुद्ध होईत छैक आ ओ मारल जाइत अछि । एहन अनाचारीक मृत्युपर जनता -जर्नादन प्रसन्न होइत अछि । वस्तुत : ई एकाङ्की लोकपरम्पराक प्रति नाटककारक व्यामोहटाक निदर्शन थिक । एहिमे युगिन चेतनाक सम्यक उपस्थापन नहि देखि पडैत अछि । **जट - जटिन** मिथिलाक प्रसिद्ध लोकनाटक थिक । इ लोकनाट्य महिलालोकनिद्वारा अभिनीत होइत छल । कहल जाइछ जे जखन वर्षा ऋतु समाप्त भेलाक बादो वर्षा नहि होइत छलैक, तँ ग्राम्य नारीलोकनि इन्द्र भगवानकँ प्रसन्न करबाक हेतु टोना करैत छलीह । एहि टोनाक क्रममे जट-जटिन लोकनाट्य महिलालोकनि दू दलमे विभक्त भऽ खेलाइत छलीह । मान्यता ई रहैत छलनि जे कुटल जाइत बेङ्गक करूणापूर्ण आवाज सुनि इन्द्रदेवता पघलि जाइत छलाह । आ वर्षा होमऽ लगैत छलैक । कुटल बेंगक अवशेष कोनो हडाहि माउगिक आङनमे फेकिदेल जाइत छलैक जे अपनासँग कएल गेल एहि व्यवहारक हेतु महिलालोकनिकँ गारि - पढैत छलीह । ओ जतबैं खौभा -खौभा कऽ गारि पढैत छलीह । लोक मान्यताक अनुसार वर्षा ताहि वेगसँ होइत छल । कृषि कर्मक हेतु वर्षाक महत्ता जगजाहिर अछि आ ताहि हेतु जट - जटिनक लोकनाट्य खेलएबाक परम्परा अति प्राचीन कहल जाइत अछि । एहि नाट्यक दुनू पात्र जट आ जटिनक लोक जीवनक शुद्ध दम्पति अछि । जकर नोक भौंक एहि नाट्यमे युगल गीतक रूपमे प्रस्तुत भेल अछि । नाटककार मिथिलाक एहि लोकसाहित्यकँ संरक्षित कऽ लेबाक दृष्टि जे एकर सङ्क्लन कएलन्हि अछि आ एकर मूल रूपकँ यथावत रखबाक प्रयास कएलनि अछि । एहि नाट्यमे नट - नटीन प्रायेग प्राचीन नाट्य परम्पराक अनुसरणमे भेल अछि ।

**महिषासुर मुर्दाबाद** एहि नाट्क संग्रहक एकल नाटक थिक । जाहिमे एकेटा युवक अपन आत्माक सँग गप्प करैत देखल जाइत अछि । नाट्य प्रयोगक दृष्टि जे ई एब्सर्ड प्रकृतिक एकाङ्की अछि । जाहिमे व्यङ्ग्य, आक्रोश ओ श्रव्यद्वारा युगीन यथार्थक चित्राङकन कएल गेल अछि । समसामयिक जीवनक ई यथार्थ थिक जे आइ समाजमे आनक बहु-बेटीक इज्जति लुटनिहार, दहेजलोभी अभिभावक, गरीबक मखौल उडौनिहार, महाजनी वृत्तिसँ समाजक शोषण कएनिहार, अनाचार भ्रष्टाचारीलोकनिक चलती छनि आ ओलोकनि कानुनकँ अपना कब्जामे कऽ निद्वन्द्व विचरण करैत छथि, जखन कि अन्यायक विरोध कएनिहारकँ इएह कानुन फाँसीक फन्दाधरि पहुँचा दैत छैक । नाटककार शोषण होइत वर्गपर शोषित वर्गक विजयक पक्षघाती छथि आ ई सङ्केत दैत छथि जे कोनो एकटा शोषककँ हलाल कऽ देने शोषण समाप्त होमऽबाला नहि छैक किएक तँ एकटा शोषक मरैतदेरि दोसर शोषक तैयार भऽ नाइत छैक । अवश्य, जँ शोषितलोकनिसभके सेहो समाप्त कएल जा सकैत छैक ।

तहिना **पेटक खातिर** सडक नाटक किंवा नुक्कड नाटक थिक जे विना अधिक नाटकीय उपकरण ओ रङ्गशालाक सुनियोजित व्यवस्थाक कतहु खेलल जा सकैछ । आजुक व्यस्त जीवनमे नाटक आ रङ्गमञ्चके सामान्य दर्शकलग स्वयं पहुँचबाक चाही, ताहि दृष्टिसँ जे एहि कोटिक नाटक अभिनव प्रयोग थिक । एहि नाटकमे प्रजातन्त्रीय व्यवस्थामे भ्रष्टाचारक विभिन्न आयामपर कसगर चोट कएल गेल अछि आ दर्शकलोकनिकँ समाज ओ राष्ट्रमे व्याप्त विसङ्गतिसँ परिचय करा ओकर निदान सोचबाक हेतु मार्ग प्रशस्त कएल गेल अछि । । एहि नाटकमे ई दर्शाओल गेल अछि जे कोना तस्करीक माल तस्कर ओ नेतालोकनिबलँ एक देशसँ दोसर देशसँ पहुँचि जाइत अछि, कोना प्रशासकलोकनि भ्रष्टाचारक श्रृङखलासँ आबद्ध छथि आ जनसामान्यक शोषणमे लागल छथि , कोना नेता लोकनि टिकट पएबाक लेल कुत्सितसँ कुत्सित कर्म करबाक लेल तत्पर रहैत छथि । कोना जनताक रखबारलोकनि जनताक कल्याणक मददिक अंश अपने खा गेल करैत छथि आ शिक्षाजगतमे माफियालोकनि पाइक बलपर मेधावी छात्र लोकनिक स्थानपर कमजोरो छात्रकँ मेघा सूचिमे आगाँ बढा देबाक धन्धामे लिप्त रहैत छथि ।

**नेता जी आबिरहल छथि** एकाङ्की सेहो प्रजातन्त्रीय शासनक विभिन्न विसङ्गतिक दिग्दर्शन करबैत अछि । एहि नाटकमे नाटककार जनताक समस्याक मूलकँ स्पस्ट करबाक उदेश्यसँ कथा सूत्र जोडलनि अछि । नाट्यारम्भमे सूत्रधार ओ नटी कलाकारलोकनिक हडतालसँ सीदित देखि पडैत छथि । ईलोकनि कथानक तकबाक प्रयासमे छथि । तावत् एकटा जुलुसक स्वर सुनि पडैछ । जाहिमे महँगीक समस्या अत्यन्त सामान्य बुझना जाइत छनि आ चुँकि लोक ऐकरा तेना कऽ कऽ अडेजि लेने अछि जे ई नाटकक विषय रूपमे ज्वलन्त नहिं बुझना जाइत छनि । तत : पर भ्रष्टचारक विरूद्ध जुलुस देखि पडैत छनि । आ भ्रष्टाचारक समस्याकँ कथानकमे लऽ नाटक खेलबाक मानसिकता बनबैत छथि । मुदा ईहो आब ज्वलनत समस्या नहि बुझना जाइत छनि । कारण लोक कोनो प्रकारक सरकारी काजक हेतु घुसक लेन-देनके अङजि कऽ

बाँकी ३ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज अरूलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा राम्रै धनलाभ पनि हुनेछ ।

**वृष** :- स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ । अभिभावकको सल्लाहअनुरूप चल्न सके समस्याबाट मुक्त हुन सकिनेछ ।

**मिथुन**:- आज रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भुमिका निर्वाह गर्नेछ ।

**कर्कट** :- सामूहिक तथा रमाईलो सफल यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यवसायमा सफलता र आर्थिक सहयोग पनि मिल्नेछ ।

**सिंह**:- धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ । प्रेमिकाको सुझावअनुरूप नयाँ कार्य सम्पन्न गर्न सकिनेछ ।

**कन्या** :- स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ । शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ ।

**तुला** :- धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसरपनि जुराउनेछ ।

**वृश्चिक** :- महत्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । लक्ष्मी प्रसन्न हुने योगछ ।

**धनु** :-एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनेछ । भूमिबाटलाभ रहला । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् ।

**मकर**:- आज भाग्यले विभिन्न अवसर जुराउनेछ । कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । घरमा अतिथीको आगमन हुनेछ । मनखुसी र प्रसन्न पनि रहनेछ ।

**कुम्भ**:- रोकिएका काम पुनः सुरू हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा होला ।

**मिन** :- आज स्वादिष्ट भोजनको विशेष अवसर मिल्नेछ । सवारी साधन खरिद गर्ने योग छ । आज पहेंलो रंगको पोहिरनले विभिन्न समस्याबाट जोगाउनेछ ।

# यसरी नामाँकन गरियो 'एकता टोल'

*(बाँकी अँश)*

लहान नगरपालिका-१० स्थित एकताटोलको बारेमा यस पत्रिकामा बिगत २ भाग गरी संक्षिप्त जानकारीहरू पस्कने जमर्को गर्दै आएको छु । यही क्रममा केही हप्ता दसैं, तिहार र छठ पर्वको अवसरमा ब्यस्त भइयो । यस सातादेखि पुन : लेखनमा फर्किएको छु ।

## सरोकार

अम्बराज मिश्र



एकता सेवा समूह लहान-१० को सँस्थापक तथा प्रथम अध्यक्ष भोला बहादुर राउत क्षेत्री २०५३ सालदेखि २०५७ सालसम्मको कार्यकालमा (संस्था शुरूवात) देखि समाज प्रति चाँसो र संरक्षक सम्भेर आफुलाई संस्थाको काममा दिलो ज्यान दिएर सहयोगी रहने संस्थाको सञ्चालकहरूमा निम्नानुसार कार्यरत रहनु भएको थियो ।

भोला बहादुर राउत क्षेत्रीको अध्यक्षतामा उपाध्यक्ष कपिल प्रसाद भट्ट, अम्बराज मिश्र सचिव, गोबिन्द प्रसाद भट्ट कोषाध्यक्ष र उध्दव आचार्य सह-सचिव र सदस्यहरूमा शिव प्रसाद पोखरेल, नवराज कुमार भुजेल, ईन्द्र प्रसाद अधिकारी, राज कुमार साह (गुप्ता), गीता बराल, किशोवती मण्डल, बुधन मण्डल र लुचाई साह तेली सञ्चालक समितिमा थिए ।

सो सञ्चालकको कार्य अबधिमा निम्नानुसार समाज तथा संस्थाको जिम्मेबारी वहन गरि कार्य सम्पन्न भएको रेकर्डबाट देखिन्छ ।

१. टोल तथा संस्थाको नामाकरण गर्ने कार्य । २. एकता सेवा समूह संस्थालाई नेपाल सरकारको नियमन निकायमा दर्ता गराउने कार्य । ३. शिव मन्दिर निर्माणार्थ चन्दा, चिठ्ठा, उपहार गर्ने कार्य । ४. टोल भित्र रहेको नहर भित्र बृक्षारोपण कार्य । ५. टोल सुरक्षार्थ रात्री समय पहरेदारी गर्ने कार्य । ६. कोष ब्यवस्थापनको लागि बैक खाता खोल्ने कार्य । ७. शिव मन्दिर निर्माणार्थ देउसि भैलो खेल्ने कार्य । ८. प्रत्येक वर्ष लेखा परिक्षण तथा नविकरण गर्ने कार्य । ९. बालबालीकालाई पोलियो खोप-२०५४ बारे प्रचार प्रसार गर्ने कार्य । १०. शिव मन्दिर निर्माणको शिलान्यास तथा निर्माण कार्य । ११. समितिको बैठक नियमित राख्ने कार्य । १२. दशै ,तिहार र छठ पर्वमा पिङ्ग गाड्ने कार्य । १३. प्रत्येक बर्ष तिहारको बेला साँस्कृतीक कार्यक्रम गराउने कार्य । १४. तिज र पन्चमीमा साँस्कृतीक कार्यक्रम गराउने कार्य । १५. टोलवासीकै सकृयतामा मन्दिरको प्रथम ढलाई गर्ने कार्य ।

यी कार्यहरू गर्दै टोललाई रमणिय गराउँने दिनचर्या थियो । कसैमा पनि सामाजिक काम प्रती बैरभाव हुन्थेन । सबै एक जुट गर्ने र गराउने प्रयत्न रहेको थियो । सहरको छेउको थलोलाई खेती किसानी भन्दा पनि ब्यापार , कर्मचारीहरूको थलोकै रुपमा थियो । त्यसताका टोलमा २०/२५ घर धुरी रही सुरक्षा र मनोरन्जन सहितको अपेक्षा सबैमा उर्लिएको देखिन्थ्यो । महिला, पुरुष, बालबालिका , युवा युवतीहरु पनि हरेक कृयाकलापमा सकृयताका साथ लाग्दथे र त लहान नगर भित्रको यस टोलको गरिमा र मुल्याँकन बढेर अन्यत्रबाट बसाई सरी आएर टोल भण्डै ३ सय घर परिवार सदस्य रहेको टोल अन्यत्र भन्दा गहन देखिन्छ ।

टोल भित्र रहेको बृक्षहरूले हरियाली सहितको सुन्दरता दिईरहेको छ । लहान बजारको नजिक रहेको गाउँले परिवेशमा रहेको भ्रmभ्रmल्को पाईन्छ । विभिन्न जातजातीहरूले सजिएको यो टोल आफैमा फुल भैं सुगन्धित छ ।२०४५ साल पछीको स्थापित यो टोल बसोबासको लागि उपयुक्त देखिन्छ । यस टोल भित्र बिकृतीमूलक कार्यहरूको खेदो हुने गर्दछ । शान्त छ, प्रिय छ ।अभ्र यहाँका अहिलेका समितिका पदाधिकारी तथा स्थानीय जन प्रधिनिधिहरूको सहयोग थपिने हो भने त साविक सगरमाथा अञ्चलभरीकै सुविधा सम्पन्न टोलमा गनिने थियो ।

सँस्थापक सदस्यहरू मध्ये उपाध्यक्ष कपिल प्रसाद भट्ट, गोबिन्द प्रसाद भट्ट, उध्दव आचार्य, गीता बराल, राज कुमार साहहरू हिजो आज कोही बसाई सरेर, कोहि बाहिर रहनु भएको छ । त्यस्तै शिव प्रसाद पोखरेल, नवराज कुमार भुजेल र लुचाई साह तेली स्वर्गवास हुनु भई टोल स्तब्ध छ, उहाँहरूलाई टोलको तर्फबाट हार्दिक श्रध्दासुमन छ । उहाँहरूले यस टोललाई पुन्याउनु भएको योगदानको यस लेख मार्फत खुलेर प्रशंसा गर्दछुँ ताकी उहाँहरूको आत्माले शान्ती पाउने छ ।

यसरी आ-आफ्नो बसोबास रहेको टोल, समाज प्रति समाजका सदस्यहरूले छर छिमेक रहने हरेक पदमा पदासिन ब्यक्तीहरूले आ-आफ्ना तप्काबाट सहयोग गर्ने विश्वास दिलाएर ब्यबहारमा उतार्ने हो भने सबै समाज शान्तीकामी रहन्थ्यो, मनोरम रहन्थ्यो, प्रदुषणमुक्त रहन्थ्यो, सुविधायुक्त रहन्थ्यो, शिक्षित रहन्थ्यो, व्यवस्थित रहन्थ्यो यस तर्फ सबैको ध्यान जाओस धन्यवाद ।।।

*(बाँकी अंश क्रमशः आगामी हप्तामा)*

## कोरोनाबाट...

जना अर्थात् ७९ प्रतिशत संक्रमित छन् ।

६० वर्षभन्दा बढी उमेरका ६ प्रतिशत अर्थात् ९७४ जना संक्रमित भएका छन् । तथ्यांक अनुसार कुल संक्रमितमध्ये २६९ जना अर्थात् १ दशमलव ६२ प्रतिशत संक्रमितको उमेर समूह खुल्न सकेको छैन ।

प्रदेश २ मा अहिलेसम्म २ हजार ८७७ जना महिला र १३ हजार ७०७ जना पुरुष गरी १६ हजार ५८४ संक्रमित भएका छन् । तीमध्ये ११० जनाको मृत्यु भइसकेको छ भने १५ हजार ६५६ जना कोरोनामुक्त भएको निर्देशनालयको तथ्यांकले पुष्टि गर्छ ।

तथ्यांक अनुसार शुक्रबार यस प्रदेशका सबै (८) जिल्लामा गरी ७६४ जना सक्रिय संक्रमित छन् ।

## भैया...

एकटा स्विकृति दऽ चुकल छैक । ततःपर शान्ति-सुरक्षाक हेतु प्रशासनक विरोधमे जुलुस देखि पडैत छनि । तखन ओ अपन नाटकक हेतु शान्ति सुरक्षाक समस्याकेँ कथानक रूपमेँ ग्रहण करऽ चाहैत छथि । किएक तँ इहो समस्या जडिआएल बुझना जाइत छनि । मुदा पुन : एकटा सरकारी जुलुसपर नजरि जाइत छनि । मुदा तखने बेरोजगारलोकनिक एकटा जुलुस देखि ओ बेरोजगारएकेँ ज्वलन्त समस्या मानि कथानकक सृजन करबाक बौंत करऽ लगैत छथि । मुदा फुन :एकटा सरकारी जुलुसपर नजरि जाइत छनि । जाहिमे विरोधिसबहक विरोधक समस्या, कर्मचारीलोकनिक हडतालक समस्या, शान्ति -सुरक्षाक भङ्गक समस्या आदिक प्रतिरोधात्मक स्वर सुनि पडैछ आ एहि समस्यासबकेँ नाटकीय स्वरुप प्रदान करबाक मन बनबैत छथि । एहितरहेँ एहि एकाङ्कीक माध्यमे नाटककार प्रजातन्त्रीय व्यवस्थामे उत्पन्न विभिन्न समस्यासबहक सडेर कऽ ई प्रदर्शित करबाक प्रयास कएलनि अछि जे आइ ततेक समस्या अछि जे सबपर फूट - फूट कऽ नाटक खेलल जा सकैछ । कानो समस्या ककरोसँ कम नहि अछि मुदा सबसँ बडका समस्या थिक जुलुस जे प्रजातान्त्रिक व्यवस्थाक देन थिक । एहि समस्याक कारणे लोकजीवन अस्त-व्यस्त रहैत अछि । मुदा ई कोनो समाधान प्रस्तुत नहि कऽ पबैत अछि । अवश्य जुलुश कएनिहारकेँ एकटा आत्मसन्तोष होइत छैक । जे ओ अपन अधिकारक प्रयोग कऽ पाबिरहल अछि ।आ एहि जुलुशक सामस्याक मूलमे छथि राजनेतालोकनि जे मूल समस्याँ जनताकेँ भ्रमित कऽ अपन स्वार्थ साधनमे लागल छथि । तएँ प्रजातान्त्रमे जाहि एकमात्र चरित्रक चारूकात सबटा समस्या घुम्रैत अछि, से थिकाह नेता जीलोकनि । यावतधरि हिनकालोकनिक चरित्रमे सुधार नहि हेयत ।तावधरि प्रजातन्त्र लोककल्याणकारी नहि भऽ सकैछ आ ने कोनो समस्याक समाधान भऽ सकैछ । एहि तरहेँ एहि नाटकमेँ वास्तविक जीवनक उदघाटन कऽ अभिनव कलाक माध्यमे एकटा विशिष्ट विचारधाराक अभिव्यक्ति भेल अछि जे लोकजगतकेँ प्रेरित -प्रभावित करवाक दृष्टिए सफल अछि ।

*बाँकी क्रमश : अर्को साता*



## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# मास्टरसेफ यूकेका प्रतिस्पर्धी सन्तोष शाह भन्छन्, 'नेपाली परिकार विश्वभरि चर्चित फ्रेन्च खानालाई पनि टक्कर दिने खालका छन्'

मास्टरसेफ यूकेको प्रतिस्पर्धामा अहिले प्रशंसा बटुलिरहेका सन्तोष शाहको सङ्घर्षको कथा नेपालको सिराहा जिल्लामा पर्ने तत्कालीन कर्जन्हा गाउँको एउटा गरीब परिवारबाट शुरु हुन्छ।

बुवाको आडभरोसा त बाल्यकालमै खोसिएको थियो, पछि दाजुहरु पनि बिहेवारी गरी आआफ्नो बाटो लागे। बेसहाराजस्तै भए उनी र उनकी एकल आमा।

गुजारा चलाउनका लागि केही त गर्नैपर्‍यो। स्कूले पढाइसँगै गाउँमा पाउरोटी र पोलिथिन बेचेर सन्तोषले दैनिक २०-२२ रूपैयाँ कमाउन थाले ।

एसएलसी दिए तर तीनवटा विषयमा उनी अनुत्तीर्ण भए। बुवा गुमाइसकेका सन्तोषलाई नियतिले एक पटक फेरि ठगेको महसुस भयो ।

### होटलमा भाँडा माझ्ने काम

गाउँमा दैनिक २०-२२ रूपैयाँ आम्दानी, त्यसमाथि एसएलसीमा तीन-तीन विषयमा 'फेल' ।

आमाको हेरचाह गर्ने अभिभारा पनि आफ्नै काँधमा आएपछि गाउँका दाजुभाइसँग होटलमा काम गर्न भन्दै १५ वर्षका सन्तोष भारतको गुजराततर्फ लागे। तर हातमा न कुनै शीप थियो न उच्च त शिक्षाको प्रमाणपत्र ।

"कुनै शीप नभए पनि भाँडा धुन र सरसफाइको काम पाइन्छ। खान पनि दिन्छन् भनेपछि त्योभन्दा राम्रो अरु के पाइन्छ भन्ने लाग्यो र म गएँ," उनी सम्झिन्छन्। गुजरातमा उनले एउटा होटलमा भाँडा माझ्ने काम पाए। मासिक ९०० भारतीय रूपैयाँमा सन्तोषले होटलका भाँडा मस्काउन थाले । गाउँमा पाउरोटी र पोलिथिन बेचेर मुश्किलले महिनाको ६००-६५० नेपाली रूपैयाँ कमाउने सन्तोषका लागि त्यति बेला ९०० भारू कम लागेन।समूहमा बस्दा कोठा भाडाको लागि एक सय रूपैयाँ कटाएर बाँकी आठ सय भारू बचत गर्न पाउँदा उनी दङ्ग थिए। अग्लो टोपी र सेतो पोशाक लगाएर एकै ठाउँमा ३०-४० जना सेफले काम गरेको देखेर उनलाई अचम्म लाग्थ्यो । अभावैअभाव देखेका सन्तोषलाई त्यहाँका एक्जिक्युटीभ सेफले मासिक १६ हजार भारू पाउने गरेको थाहा पाएपछि त्यस्तै सेफ बन्ने सोच पलायो । त्यहाँका एक्जिक्युटीभ सेफ सरोज दासको कार्यालयभित्र एक दिन आँट गरेर उनी छिरे।

त्यो दिन सम्झँदै उनी भन्छन्, "मलाई सेफको रुपमा काम गर्ने इच्छा छ। मलाई मौका दिनूस् भनेर उहाँलाई भनें ।"

सेफ बन्ने सोच बनाइसकेका सन्तोषले जे पनि गर्न तयार छु भन्ने जवाफ दिए । सरोज दासले सहयोगी सेफका रुपमा त्यसको भोलिबाटै काममा आउन भने ।

त्यहाँ उनले तन्दुरी रोटीका लागि आटा मुछ्ने, पकाउने र कोइला हाल्ने काम गर्न थाले।

### कामसँगै सेफको डिग्री

त्यसको करिब पाँच महिनापछि सन्तोषले गुजरातकै अर्को होटलमा काम शुरु गरे जहाँ क्याटरिङ्सम्बन्धी पढाउने होटलकै इन्स्टिट्युट थियो।

त्यस्तो होटलको सेफ बन्न के गर्नुपर्छ भनेर सिनियरहरूलाई सोध्दा त्यसका लागि पढ्नुपर्छ भन्ने जवाफ पाएका सन्तोषलाई पढ्ने रहर जाग्यो। "त्यहाँका व्यवस्थापलाई मेरो वर्क आवर केही घटाइदिनूस् र मेरो तलबबाट पैसा काटेर पढ्ने व्यवस्था मिलाइदिनूस् भनेर मैले आग्रह गरेँ," सन्तोष सम्झन्छन् । उनको लगनशीलता देखेर उक्त होटलका व्यवस्थापकले नाइँ भनेनन् र उनको आग्रह बमोजिम अनुमति दिए। काम गर्दै सन्तोषले त्यहाँ डेढ वर्ष डिप्लोमा पूरा गरेँ । सम्बन्धित विषयको अध्ययन र कामको अनुभव पनि बटुलिसकेका सन्तोषले अर्को पाँचतारे होटलमा अन्तर्वार्ता दिए र त्यहाँ थप माथिल्लो पदमा काम पाए ।

त्यो होटलमा काम गर्दागर्दै उनलाई थाहा भयो अझ माथिल्लो पदमा पुग्न पकाउने कलासँगै अङ्ग्रेजी पो राम्ररी जान्नुपर्नेरहेछ ।

त्यतिबेला उनको आम्दानी पनि राम्रै थियो। गाउँमा आमालाई पठाएको पैसा पनि पुग्दो थियो। खर्च गरेर अङ्ग्रेजी पढ्न आर्थिक अभावले रोक्ने अवस्था पनि थिएन ।

"अनि तीनवटा अलगअलग ठाउँमा एकएक घन्टा अंग्रेजी भाषाको कक्षा लिन थालेँ। एक ठाउँमा सिकेका कुरा अर्को ठाउँमा मैले प्रयोग गर्न थालेँ।" "आखिर भाषा जान्ने कुरा त सिकेर अभ्यास गर्नुपर्ने कुरा पो रहेछ।" अरूले बोलेको अङ्ग्रेजी बुझ्न र जवाफ दिन योग्य भएपछि उनलाई यो कुरा महसुस भयो । त्यसपछि सन्तोषले अर्को ठाउँमा अन्तर्वार्ता दिए र एक्जिक्युटीभ सेफको रुपमा त्यहाँ काम पाएँ ।

"सात वर्षको अन्तरालमा मेरो मातहत ७० जनासम्म काम गर्न थाले। त्यतिबेला मेरो तलब ४० हजार भारू पुगिसकेको थियो। यो सन् २००६/००७ तिरको कुरा हो।"

त्यो जिम्मेवारीसँगै त्यसका लागि चाहिने अरु शीपको विकास गर्न उनी लागे । एक्जिक्युटीभ सेफले मेनुहरु तयार पार्नका लागि कम्प्युटर चलाउन अपरिहार्य देखेपछि त्यो पनि उनले सिके ।

तीन वर्ष त्यहीँ होटलमा उनले एक्जिक्युटीभ सेफको काम गरे। त्यहाँबाट उनमा विदेश जाने सोच आयो र विदेश पठाउने एजेन्सीहरूलाई उनले सम्पर्क गर्न थाले । दक्षिण भारतको कोयमबतुरस्थित एउटा एजेन्सीमा दुई लाख भारू हालेका सन्तोषले त्यो फर्जी कम्पनी भएको पछि थाहा पाए र उनको पैसा डुब्यो। निराश नभई उनले विदेश जाने प्रयास जारी राखे र सन् २००९ तिर उनी मोन्टेनिग्रो पुगे। एउटा पाँचतारे होटलमा एक वर्ष त्यहाँ काम गरेका सन्तोषलाई सन्तुष्टि मिलेन र उनी फेरि भारत फर्किए । गुजरातकै एउटा पाँचतारे होटलमा एक्जिक्युटीभ सेफको रुपमा उनले काम गर्न थाले । "विदेशमा के सिकेँ भनेर त्यहाँ मैले एउटा फूड फेस्टिभल गरेँ। त्यसलाई भारतका केही ठूला सञ्चारमाध्यमले राम्रो स्थान दिए," सेफ यात्राको एउटा महत्त्वपूर्ण मोडलाई स्मरण गर्दै सन्तोषले सुनाए। त्यो समाचार हेरेर लन्डनमा रेष्टुराँ चलाउँदै आएका एक गुजरातीले उनलाई फोन गरे। लन्डन जाने उनको इच्छाबारे सोधेर ती गुजरातीले त्यहीँ रात भेट्न सन्तोषलाई बोलाए । राति ११ बजेसम्मको आफ्नो ड्यूटी सकेर मोटरसाइकल चढी सन्तोषले लन्डन यात्राबारे कुरा गर्न दुई घण्टाको रात्रिकालीन यात्रा गरे ।

### गुजरातबाट लन्डनको यात्रा

राति एक बजे ती गुजरातीको घरमा पुगेर उनले आफ्ना सबै प्रमाणपत्र देखाए। ती गुजरातीले लन्डनको भिसा आवेदनका लागि चाहिने रकम उनलाई दिएर पठाए। सोही अनुरुप सन्तोषले त्यसको भोलिपल्टै आवेदन दिए। सन्तोषका अनुसार लन्डन फर्किनुपर्ने भएकोले ती गुजरातीले राति नै सन्तोषलाई बोलाएका थिए। आवेदन दिएको एक हप्तापछि सन्तोषलाई लन्डनमा काम गर्ने अनुमति आयो। गुजरातस्थित काम गर्ने होटलमा राजीनामा दिएर त्यहाँ आवश्यक प्रक्रिया पुर्‍याई सन्तोष आमालाई भेट्न सिराहास्थित आफ्नो घर पुगे। "आमालाई भेटेर सन् २०१० को अन्त्यतिर म लन्डन आएँ,"उनले भने। तर लन्डनमा उनलाई पहिलो गाँसमै ढुङ्गा परेजस्तो भयो। "आफूले लिएर आएको भन्दै साहुले तलब पनि काट्न थाले। काम पनि धेरै गराए। रेष्टुराँ पनि ढावाजस्तो थियो। पकाउने, भाँडा माझ्ने सबै गर्नुपर्थ्यो। म त एकदम दुःखी भएँ।" तर जे हुनुथियो त्यो त भइहाल्यो भन्दै अगाडिको यात्रालाई सन्तोषले रोकेनन्।

एक वर्षको अवधिमा 'वर्क परमिट' परिवर्तन गराउनमै उनको ६,००० पाउन्ड खर्च भयो। त्यहीँ क्रममा भारतका अतुल कोचर नाम गरेका मिस्लिन स्टार सेफसँग उनले काम गर्ने मौका पाएँ। "मैले उहाँसँग तीन वर्ष काम गरेँ। उहाँको रेष्टुराँ फ्रेन्च परिकारबाट प्रभावित भई भारतीय परिकार पस्कने रहेछ। अनि मलाई लाग्यो उनी प्रभावित भएको परिकार नै किन नसिक्ने त,"आफ्नो सिक्ने कौतुहलताबारे सन्तोषले भने। त्यहाँबाट उनले चर्चित फ्रेन्च सेफ रेमन्ड ब्लांकसँग काम गर्न थाले जहाँ उनले एक वर्ष काम गरे ।

लन्डनस्थित सिनामन ग्रूप हुँदै पाँचतारे होटल ललितमा एक्जिक्युटीभ सेफ भएर उनले काम गरे। तर सन्तुष्टि नपाएर फेरि सिनामनमै फर्किए। "यो रेष्टुराँका सञ्चालक विवेक सिंह पनि ठूलो सेफ हुनुहुन्छ। उहाँले मलाई धेरै साथ र स्वतन्त्रता दिनुभएको छ।"

### नेपाली खानाको प्रवर्द्धन कति जरूरी?

झण्डै पाँच वर्षको कडा मेहनतले अहिले सन्तोषलाई यूके मास्टरसेफको प्रतिस्पर्धामा पुर्‍याएको छ । तर सन्तोषकै शब्द सापटी लिएर भन्नुपर्दा उनको ध्यान अब यूके मास्टरसेफमा जित्नुभन्दा पनि नेपाली खानाको प्रवर्द्धन गर्नुमा केन्द्रित भएको छ। "नेपाली खानामा केही त छ जुन बाहिर आउन सकेको छैन र यो कुरा उपयुक्त होइन भनेर मैले प्रतिस्पर्धै भनेको छु," सिरहाका सन्तोषले सगर्व सुनाए । "भारतीय खानाबारे मसँग २० वर्षको अनुभव छ। जित्नका लागि भए त नेपाली परिकारहरु लिएर म प्रतिस्पर्धामा जाने थिइनँ ।"



उनका अनुसार केही परिमार्जन (रिफाइनमेन्ट) गर्ने हो भने नेपाली खानालाई विश्वसामु एउटा छुट्टै तहमा लैजान सकिन्छ। प्रतिस्पर्धाको 'क्रिटिक्स राउन्ड'मा टम पार्कर र ग्रेस डेन्टका सकारात्मक प्रतिक्रियाहरु पाएका सन्तोष झन् हौसिएका छन्। नेपाली शैलीमा उनले अक्टोपसको परिकार बनाएर त्यससँग कर्कलोको पातको परिकार, भाङ्ग र टिम्बुरको अचार पस्केका थिए। त्यो खाएर ग्रेस डेन्टले मास्टरसेफमा त्यस्तो स्वादसहित सुन्दर ढङ्गले सजाएर पहिलो पटक कसैले पस्केको भनेर प्रतिक्रिया दिएको उनले बताए।

"मैले मेरो देश र त्यहाँका परिकारका लागि केही गरेको छु भनेर गर्वले मेरो छाती चौडा भएको छ," सन्तोषले सुनाए। प्रतिस्पर्धामा उनले जेरीदेखि करेलाको चटनी लगायतसम्म बनाएर पस्केका छन्।

### विविधताबारे सन्तोषको बुझाइ

सन्तोष प्रश्न गर्छन्, "नेपाली परिकारहरु यति राम्रा हुँदाहुँदै किन दुनियाँसामु आएनन् त?" त्यसको जवाफ पनि उनी आफैं दिन्छन्, "आफ्ना खानालाई हामी आफैंले होच्याएका छौं। हामीले नै हाम्रो खानालाई राम्रो भन्न सकेका छैनौं। हामीले हाम्रा खानामाथि कहिले विश्वास नै गरेनौं।" "गुन्द्रुक कसले खान्छ, विदेशमा राँगाको सुकुटी कसले खान्छ, खसीका आन्द्राभुँडी पनि कसैले खान्छ र भन्दै बस्यौं। ढिडो त गरीबको खाना हो। यसरी पनि होच्याएका छौं हामीले,"सन्तोष थप्छन् । उनको मातृभाषा मैथिलीमा एउटा भनाइ छ 'हमर बारीके बथुवा तीत' अर्थात्‌रू मेरो बारीको बेथुको साग तीतो। नेपालीमा भन्नुपर्दा नजिकको तीर्थ हेला भन्ने हुन्छ। सन्तोषका अनुसार नेपाली परिकार र तिनलाई बनाउने तरिका फ्रेन्च परिकारलाई पनि टक्कर दिने खालका छन्। "मासुको एउटा फ्रेन्च परिकार टारटार हुन्छ। हामीकहाँ कचिला हुन्छ। के हामीले उनीहरूबाट सिकेको हो र। त्यो त हाम्रै हो नि। फ्रेन्चभन्दा हाम्रा विधिहरु धेरै छन् ।"

नेपालका शेर्पाहरूले बनाउने उसिनेको आलुको विशेष सुपदेखि तराईमा बनाइने बगिया, नेवार समुदायको योमरी र थारू समुदायले बनाउने अनेकौं परिकारसम्म सबैको बेग्लै स्वाद र विशेषता रहेको उनी सुनाउँछन् । "अहिले रिसर्च गरेर लाग्यो २० वर्ष मैले भारतीय खानामा किन खेर फालेँ, नेपाली खानाबारे मैले पहिला किन सोचिनँ," यो प्रश्न उनी आफैंलाई गर्छन्। एक दिमागले भन्छ- आमनेपालीले जस्तै उनले पनि नेपाली खानालाई कम आके कि उनले पनि महत्त्व दिएनन् कि?

"तर अहिले आएर नेपाली परिकारहरूबारे म 'इन्लाइटेड' भएको छु। तपाईंहरु सबैको आशिष् लागोस् र सबै नेपालीलाई म गर्व महसुस गराउन सकूँ। त्यहाँ नेपाली झण्डा फहराउन सकूँ," सन्तोषले सुनाए। "जित्नु वा नजित्नु त आफ्नो ठाउँमा छ। विश्वले चिन्नसक्ने एउटा प्रतिस्पर्धाको फाइनलसम्म नेपाली परिकारहरु पुगे भने त्यो एकदम ठूलो कुरा हुनेछ।" "फाइनलसम्म विभिन्न नेपाली खाना पुर्‍याउन सकेमा मेरो लागि ठूलो गर्वको विषय हुनेछ। खुशीले छाती ढक्क भएर म कति रून्थेँ हुँला।" उनी चाहन्छन् सबै नेपालीले उनका कुरा सुनून् र उनीबाट प्रेरित होऊन्। "मैले पहिला नबनाएका र नखाएका परिकार बनाएर यहाँसम्म पुग्नसक्छु भने अरूले नसक्ने कुरा हुँदैन," सन्तोष भन्छन्। "अहिले त मैले धेरै सिक्न बाँकी छ। सङ्घर्ष गरिरहेका सबैलाई म यति भन्न सक्छु कि तपाईं लागिपर्नुभयो भने लक्ष्यमा पुग्न असम्भव हुँदैन।"

नाम सन्तोष भए पनि सिक्ने कुरालाई लिएर उनले कहिल्यै सन्तोष मानेनन्।

*बिबिसी*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)